# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## प्रेश विज्ञप्ति

आज मिति २०७७ मंसिर ११ गते बिहीबार ७० हजार ३ कारोबारमा ७ अर्ब ६१ करोड ३० लाख ३० हजार रुपैयाँ बराबरका १ करोड ७१ लाख ८८ हजार ९९ कित्ता सेयर किनबेच भएका छन् । यसैगरी समग्र सेयर बजार परिसूचक नेप्से यस दिन १८९३.२४ विन्दु कायम भएको छ । कारोबार रकम तथा बजार परिसूचकका आधारमा धितोपत्रको दोस्रो बजारमा कायम भएको नयाँ कीर्तिमान हो ।

यस अघि २०७७ मंसिर ७ मा ६ अर्ब ९० करोड रुपैयाँ बराबरको कारोबार भएको थियो भने २०७३ साउन १२ मा बजार परिसूचक नेप्से १८८१.४५ विन्दुमा पुगेको थियो ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले मिति २०७५ कात्तिक २० गतेबाट पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली ( Fully Automated Online Trading System, NOTS) सञ्चालनमा ल्याएपछि दोस्रो बजारका प्रमुख सूचकहरुमा क्रमिक सुधार आएको छ । यस क्रममा दोस्रो बजार कारोबार सेवालाई सहज, सुरक्षित, विश्वसनीय तथा पारदर्शी बनाउने नेप्सेको उद्देश्य अनुरुप प्राविधिक, नीतिगत तथा संस्थागत पूर्वाधारहरुमा सुधार गरिएको छ ।

पुँजी बजारको विकास तथा विस्तारका लागि नेप्सेले सञ्चालन गरेका गतिविधिमा नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपाल धितोपत्र बोर्डको मागनिर्देशन तथा लगानीकर्ता, प्रणाली निर्माणकर्ता कम्पनी, सदस्य दलाल, मिडिया लगायत अन्य सरोकारवालाहरुको सहयोग रहदै आएको छ । आगामी दिनहरुमा पनि सम्पूर्ण सरोकारवालाहरु बाट यस्तै किसिमको सहयोग प्राप्त हुने अपेक्षा नेप्सेले गरेको छ ।

**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

**पत्र संख्या :**
**चलानी नं. :**

खासगरी कारोबारको आकार वृद्धि हुनुमा NOTS को प्रत्यक्ष योगदान रहेको देखिन्छ । नेप्सेले उपलब्ध गराएको आधुनिक प्रविधिमार्फत लगानीकर्ताले घरबाटै सुरक्षित तबरले सेयरको कारोबार गर्न पाएका छन भने रकम भुक्तानी तथा सेयर हस्तान्तरणमा पनि सहजता आएको छ ।

हालसम्म अनलाइनमार्फत कारोबार गर्नका लागि १ लाख ८५ हजारभन्दा बढी लगानीकर्ताले युजरनेम र पासवर्ड लिएका छन् ।

आजको कारोबारमा २३ हजार ५० लगानीकर्ता सहभागी थिए । यस दिन भएको कारोबारमध्ये ८७.७५ प्रतिशत कारोबार अनलाइनमार्फत भएको हो ।

मिति : २०७७/०८/११

मुराहरि पराजुली
प्रवक्ता